राष्ट्रिय मानव अधिकार आयोग
National Human Rights Commission of Nepal
केन्द्रीय कार्यालय (Central Office)
हरिहर भवन, पुल्चोक, ललितपुर (Harihar Bhawan, Pulchowk, Lalitpur, Nepal)

# प्रेस-विज्ञप्ति

२९ माघ, २०७७

## १२ वर्षीया नेपाली बालिकाको भारतमा सामूहिक बलात्कारपश्चात् हत्या भएको भनिएको घटनाप्रति आयोगको ध्यानाकर्षण

### निष्पक्ष अनुसन्धान र क्षतिपूर्तिको लागि आवश्यक पहल गर्न आयोगद्वारा राष्ट्रिय मानव अधिकार आयोग, भारतलाई पत्राचार ।

बर्दियाको बारबर्दिया नगरपालिका-३ की १२ वर्षीया बालिका सुमित्रा वि.क. लाई गत माघ ८ गते (२१ जनवरी २०२१) नेपाल-भारत सीमानजिक कुण्डुवा, चैनपुर, चम्पारणमा सामूहिक बलात्कारपश्चात् हत्या गरी जलाइएको भनिएको घटना सम्बन्धमा राष्ट्रिय मानव अधिकार आयोगको गम्भीर ध्यानाकर्षण भएको छ ।

आयोगले विभिन्न व्यक्ति तथा प्रहरी अधिकारीसँग सम्पर्क गरी घटनाको सम्बन्धमा जानकारी लिएको छ । निज बालिकालाई सामूहिक बलात्कारपश्चात् हत्या गरी जलाइएको भन्ने जानकारी आयोगलाई प्राप्त भएको हुँदा राष्ट्रिय मानव अधिकार आयोग, नेपालले यस किसिमको क्रूर र अमानवीय घटनाको निष्पक्ष छानविन गरी दोषीलाई कानुनको दायरामा ल्याउन, पीडित परिवारको उचित सुरक्षा व्यवस्था हुन तथा पीडितलाई उचित राहत तथा क्षतिपूर्तिको लागि आवश्यक पहल गरिदिन अनुरोध गर्दै राष्ट्रिय मानव अधिकार आयोग, भारतलाई आज पत्राचार गरेको छ र यसअघि प्राप्त सहयोगको लागि धन्यवाद व्यक्त गरेको छ ।

साथै, उक्त घटनाका सम्बन्धमा पीडित परिवारको न्याय तथा सुरक्षाका लागि आवश्यक कुटनीतिक पहल गर्न पनि आयोग नेपाल सरकारको ध्यानाकर्षण गराउँदछ ।

.....................................
डा. टीकाराम पोखरेल
प्रवक्ता
(सहसचिव)

फोन नं. ००९७७-१-५०१००१५, फ्याक्स नं. ००९७७-१-५४४७९७३, पो.ब.नं. ९१८२, काठमाडौं, नेपाल
Phone: +977-1-5010015, Fax: +977-1-5547973, G.P.O. Box: 9181, Kathmandu, Nepal
Email: nhrc@nhrcnepal.org, Website: www.nhrcnepal.org